# शिवपुरी गाउँपालिका

## तेश्रो गाउँ सभामा गाउँपालिका प्रमुख श्री रामकृष्ण थापाले पेश गर्नुभएको

## आ.व. २०७५/७६ को नीति, कार्यक्रम तथा बजेट विवरण

गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,

सर्वप्रथम, मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनता र स्वतन्त्रताका लागि जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

यस गरिमामय समारोहमा उपस्थित सदस्यज्यूहरु, यस शिवपुरी गाउँको सम्बृद्धि र विकासमा चाँसो र सरोकार राख्नहुने *संचार माध्यमबाट प्रत्यक्ष श्रवण गरिरहनुभएका* राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, राष्ट्रसेवक कर्मचारी, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधीज्यूहरु, समाजसेवी, मानवअधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि, उद्योग ब्यवसायी, बुद्धिजिवी, संचारकर्मी तथा आम  गाउँबासीहरु समक्ष गाउँपालिकाको तेश्रो सम्मानित गाउँसभामा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७५/७६ को समग्र नीति, योजना, बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

तेश्रो सम्मानित गाउँसभाबाट गाउँपालिकाको दीर्घकालीन सोंच "शिवपुरी समृद्धि र विकासको आधारः शिक्षा, कृषि, पर्यटन र पूर्वाधार" भन्ने मूल ध्येय तथा "सहभागितामूलक दिगो विकासको माध्यमबाट शिवपुरीगाउँवासीमा सम्बृद्धी ल्याउने" उद्धेश्यलाई ब्यवहारमा उतार्न विभिन्न चरणको सहभागिता मूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी आगामी आर्थिक वर्ष २०७५/७६ को गाउँ पालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु । गाउँपालिकाको तर्फबाट गाउँपालिका प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०७५/७६ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवशर प्राप्त भएकोमा हार्दिक आभार ब्यक्त गर्न चाहन्छु ।

विगत लामो समयको निरन्तर प्रयास पछी संघीय संरचनालाई आत्मसाथ गरी नेपालको संविधान, २०७२ को कार्यान्वयन संगै  साविकका आठवटा गाविसहरु तलाखु, छाप, लिखु, सिके, महाकाली, समुन्द्रादेवी, सुनखानी र थानापति समायोजन भई शिवपुरी गाउँपालिका गठन भएको र स्थानीय तहको निर्वाचन भई जनताको नजिकबाट सेवा प्रवाहका लागि वडा कार्यालयहरु, गाउँपालिकाको सेवा प्रवाह सञ्चालन हुन गएकोमा सम्पूर्ण  गाउँबासीहरुलाई पुनः हार्दिक बधाई एवम् शुभकामना ब्यक्त गर्न चाहन्छु ।

सीमिति श्रोत साधन परिचालन गरी नतिजामूलक उपलब्धी हाँसिल गर्न गाउँपालिकामा बस्तीस्तर देखि पहिचान भई वडा भेला हुँदै प्राथमिकताका साथ आएका योजना तथा कार्यक्रमहरु प्रचलिते नीति तथा कार्यक्रम, मार्ग निर्देशन तथा बजेट सिलिङ्ग र गाउँपालिकाको उपलब्ध हुने श्रोत साधनलाई मध्यनजर राखेर, स्रोत पूर्वानूमान समितिको बैठक, योजना तर्जुमा समितिको बैठक, वस्ती, वडामा /सर्वपक्षिय

भेलाबाट सुझाव, सहमति र वडा समितिको सिफारिशका आधारमा प्रस्तावित गाउँपालिका स्तरिय योजना तथा कार्यक्रमहरु यस सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सभाका सदस्यज्यूहरु "शिवपुरी समृद्धिको आधार : शिक्षा, कृषि, पर्यटन र पूर्वाधार" भन्ने मूल ध्येय तथा "सहभागितामूलक दिगो विकासको माध्यमबाट शिवपुरी गाउँवासीमा सम्बृद्धी ल्याउने" उद्धेश्यलाई आत्मसाथ गर्न आगामी आर्थिक बर्ष २०७५/७६ को लागि नीति तथा कार्यक्रम र योजना तर्जुमा गर्दा

दिगो विकासमा आधारित योजना तर्जुमा, लागत सहभागितामा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा प्रभावकारिता, आधारभूत आवश्यकताको आधारमा ब्यवसायिकता विकास, सुरक्षित आवास, यातायात, खानेपानी तथा सरसफाई, शान्ति, सुरक्षा, सुशासन, जनकेन्द्रीत सेवा प्रवाह, संस्थागत क्षमता सुदृढिकरणका एवं योजनाबद्ध ग्रामीण विकास, एवं लक्षित बर्गको उत्थान र विकासमा विकासमा सहकार्य तथा साझेदारी जस्ता प्राथमिकताका आधारहरु अवलम्बन गरिएको ब्यहोरा निबेदन गर्दछु । बजेटले परिलक्षित गरेको उद्देश्य प्राप्तिको लागि सरोकारवाला निकायको आपसी समन्वय र सहमतिमा जोड, आधारभूत सेवा तथा पूर्वाधार विकासमा समन्वय, सहकार्य, सहभागिता र साझेदारी, राजश्वका क्षेत्रहरुको पहिचान र अधिकतम परिचालन, ठूला योजनाहरुको सम्भाब्यता अध्ययन एवं डिजाइन, निर्माण समावेशी तथा सन्तुलित विकासका लागि सामाजिक परिचालन, संघ सस्थाहरुको सहकार्य र साझेदारीमा जोड दिने रणनीति अवलम्बन गरिने ब्यहोरा निबेदन गर्दछु

**सभाका सदस्यज्यूहरु ,**

अव म आगामी आ.ब.२०७५/७६ मुख्य मुख्य क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

# शिवपुरी गाउँपालिका

## आ.ब.२०७५/७६ को बार्षिक नीति, कार्यक्रम तथा बजेट

### दीर्घकालीन सोच :

*"शिवपुरी विकास समृद्धिको आधार : शिक्षा, कृषि, पर्यटन र पूर्वाधार"*

### प्राथमिकताका क्षेत्रहरु

उपरोक्त उद्देश्यहरु प्राप्तिका लागि गाउँपालिकाबाट निम्न बमोजिमको प्राथमिकताका आधारमा बिषयगत र क्षेत्रगत नीति, कार्यक्रम तर्जुमा गरिएको छ ।

१. समृद्ध शिवपुरीका लागि शिक्षा, कृषि, पर्यटन, पूर्वाधार, स्वास्थ्य र व्यापारको प्रवर्द्धन तथा विकास,
२. दिगो विकासका लागि योजना तर्जुमा, लागत सहभागितामा कार्यान्वयन, एवं अनुगमन तथा मूल्याङ्कनमा सुनिश्चितता,

३. आधारभूत आवश्यकताको आधारमा ब्यवसायिकता विकास एवं सुरक्षित आवासका लागि आवश्यक नीति तर्जुमा,

४. ग्रामीण आधारभूत सेवाहरु जस्तै सडक यातायात सञ्जाल विकास, विस्तार एवं स्तरोन्नती, ढल निकास, खानेपानी तथा सरसफाई एवं वातावरण सन्तुलन र विकास ,

५. शान्ति, सुरक्षा, सुशासन, जनकेन्द्रीत सेवा प्रवाह, संस्थागत क्षमता सुदृढिकरणका एवं योजनाबद्ध ग्रामीण विकास,

६. महिला, बालबालिका, अशक्त/अपाङ्ग, दलित, आदिबासी/जनजाति, पिछडिएका वर्ग र अति गरिब तथा सिमान्तकृत समुदायको विकास,

७. विकासमा गैर-सरकारी तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारी,

**नीति तथा कार्यक्रम**

**१) पूर्वाधार तथा भौतिक संरचना बिकास नीति तथा कार्यक्रम :**

१. *शिवपुरी गाउँपालिकाको सबै वडा समेट्ने गरी शिवपुरी कृषि रिङ्गरोड एवं प्रत्येक वडामा एक वडा गौरवको योजना निर्माण कार्यलाई प्राथमिकता दिईनेछ । साथै वडा केन्द्र देखी गाउँपालिका शदरमुकाम सम्मको सडक निर्माणलाई जोड दिईनेछ ।*

२. सवै वडाहरुलाई समेट्ने गरी दीर्घकालीन एवं सामरिक महत्वका गाउंपालिकाका गौरबका योजना छनौट तथा कार्यान्वयनमा प्राथमिकता दिईनेछ । *क्षेत्रमा सञ्चालन गरिने पूर्वाधार वा सामाजिक बिकाससँग सम्बन्धित आयोजनाहरु वस्ती र वडास्तरमा* सहभागितामूलक पद्धतिबाट छनौट, तर्जुमा एवं प्राथमिकताको आधारमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ। आयोजना छनौटको क्रममा रु ५ लाख भन्दा बढी लागत लाग्ने आयोजनालाई प्राथमिकता दिईनेछ ।

*३. गाउँबासीहरुलाई आगामी ३ वर्ष भित्र सवैलाई एक घर एक धारा सहित स्वच्छ खानेपानीको सुविधा पुर्याईनेछ । यसै वर्ष देखी कार्यक्रमका शुरुवात गरिनेछ ।*

*४. गाउँपालिका र वडा भवननिर्माणको लागि आवश्यक बजेट रकम ब्यवस्था गरिनेछ । वडाको कार्यालय सञ्चालनका लागि भवन निर्माण गर्न जग्गा ब्यवस्थापन गरिनेछ ।*

५. जनसहभागितामा सञ्चालन गरिने आयोजनाहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित उपभोक्ताहरुलाई नै हस्तान्तरण गर्ने नीति लिइनेछ । लागत सहभागिता कम्तिमा १० प्रतिशत हुनुपर्नेछ ।

६. दिगो पूर्वाधार, प्रविधिको प्रयोग एवं आर्थिक विकासका लागि समपुरक कोषबाट सञ्चालन गरिने आयोजनामा विभिन्न क्षेत्रानुसार उपभोक्ता समूहको २० देखी ५० प्रतिशत सम्मको लागत अंश अग्रिम रुपमा कोषमा दाखिला गरेपछी कार्यान्वयन अनुमति दिईने नीति लिईनेछ । समपूरक कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।

७. भौतिक पूर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चतताको लागि सुपरिवेक्षण तथा अनुगमन कार्यलाई नियमित बनाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

८. पूर्वाधार निर्माणमा प्रभावकारिता एवं एकरुपता कायम गर्न गाउँपालिका भित्र निर्माण सामाग्रीको दररेट एवं एकै प्रकृतिका निर्माण उपकरण, जेसिवि, स्काईभेटर, डोजरहरुको भाडादरमा न्यूनतम दरमा एकरुपता कायम गरिनेछ ।

९. यस  गाउँक्षेत्रमा सडक निर्माण कार्यलाई व्यवस्थित गर्न आगामी आ.व.मा  गाउँ यातायात गरुयोजना बनाईनेछ । *मध्य पहाडी लोकमार्ग, छहरे टोखा सडक आसपास सडक बत्तिलाई व्यवस्थित गर्न आवश्यक नीति लिईनेछ ।*

१०. नेपाल सरकारको भू-उपयोग नीति अन्तर्गत गाउँपालिकास्तरीय भू-उपयोग समिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ । गाउँ क्षेत्र भित्रको सार्वजनिक जग्गाको लगत संकलन तथा संरक्षण गरिनेछ ।

*११.* शिवपुरी गाउँपालिका भित्र जग्गा विकास कार्यक्रम, एकीकृत बस्ती विकास कार्यक्रम, भवन आचारसंहिता लागू गर्ने आवश्यक तयारी गरिनेछ ।

*१२. समुदायमा एकै ठाउँमा १० घर भन्दा बढी घर निर्माण भएमा शौचालय, पानी, सडक विस्तारमा आवश्यक सहयोग गरिने नीति लिईनेछ । गाउँपालिका भित्र नवनिर्मित भवन पूर्वाधार निर्माणलाई भुकम्प प्रतिरोधी बनाउन आवश्यक पहल गरिनेछ ।*

१३. गाउँको समग्र विकास निर्माणमा सार्वजनिक नीजि साझेदारी (Public Private partnership PPP) को अवधारणा अवलम्बन गरिनेछ ।

*१४. उज्यालो शहर निर्माणका लागि शेरा बगरमा लघुजलविद्युत मर्मत सम्भार एवं बैकल्पिक उर्जाको प्रयोगबाट लोकमार्ग आसपासमा सडक वत्ति विस्तार गरिनेछ । काठका विद्युत पोल विस्थापन एवं सडक पोल व्यवस्थापन गरिनेछ । गाउँपालिका भित्र लिखु खोलाको विभिन्न स्थानमा साना हाईड्रो उत्पादनको संभाव्यता अध्ययन, सामुदायिक र संस्थागत लगानीमा उत्पादनमा प्रोत्साहन गर्ने नीति लिईनेछ । पर्यावरणीय प्रतिकुल अशर नपर्ने गरी गाउँपालिका भित्र लिखु, स्याल्पिङ एवं अन्य खोलाको विभिन्न स्थानमा नदीजन्य पदार्थ उत्पादन गर्न संभाव्यता अध्ययन गरिनेछ ।*

## २) आर्थिक प्रशासन तथा राजस्व परिचालन नीति तथा कार्यक्रम :

१) प्रचलित कानुन बमोजिम जिल्ला समन्वय समिति र  गाउँपालिका बीचमा राजश्व बाँडफाँड सम्बन्धी कामलाई प्रचलित ऐन कानुन तथा प्रचलित नीति, मार्गदर्शन र कार्यविधि बमोजिम व्यवस्थित बनाई राजश्व अभिबृद्धि गरिनेछ । करका दरलाई फराकिलो पारी न्यून दरमा कर, शुल्क, दस्तुर कायम गरी सरल सहज तरिकाबाट भुक्तानी गर्न मिल्ने पद्धति अवलम्बन गरिनेछ ।

२) यस  गाउँ क्षेत्र भित्र बसोबास गर्ने  गाउँबासीहरुको क्षमता, अन्य  गाउँपालिकाहरुको तुलनात्मक अध्ययन, प्रचलित ऐन नियमको प्रावधान बमोजिम करका दर निर्धारण गरिनेछ ।

३) कर उठाउन करदाताहरुको तथ्यांक संकलन गरिनेछ । आन्तरिक आयमा बढोत्तरी गर्न कर संकलन टोली गठन गरी क्रियाशिल बनाईनेछ । *गाउँपालिकाको राजश्व बृद्धिका लागि उद्योग, कलकारखाना खोल्न सहजीकरण गर्ने, सवै प्रकारका उद्योग, ब्यवसायलाई करको दायरामा समेटीनेछ ।*

४) गाउँपालिकामा स्थापित बैक शाखा मार्फत आर्थिक कारोवारलाई प्रभावकारी एवं पारदर्शी बनाईनेछ । आयस्तर र बचतमा बद्धिको लागि *सवै परिवारमा १ घर १ बैंक खाता खोल्ने नीति लिईनेछ । गाउँपालिका भित्रका सबै घरधुरी दर्ता, पेशा, ब्यवसाय दर्ता गरिनेछ । गाउँपालिकालाई*

*बुझाउनु पर्ने विभिन्न शुल्क, दस्तुर यसै बर्ष बुझाएमा केही अंश छुट सुविधा दिने नीति लिईनेछ ।*

५) यस गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समावेश संघ, प्रदेश लगायतबाट प्राप्त स्रोतमा थपघट भएमा वा योजनाहरु परिमार्जन भएमा सोही बमोजिम कार्यान्वयन गरिनेछ ।

**३) सामाजिक विकास नीति तथा कार्यक्रमः**

**(क) अध्ययन अनुसन्धान, वातावरण, तथा विपद्ध ब्यवस्थापन, स्वास्थ्य तथा सरसफाई नीति तथा कार्यक्रम :**

१) यस शिवपुरी गाउँपालिकालाई पूर्ण सरसफाइ क्षेत्र घोषणा गर्न अभियान संचालन गरी सन् २०१९ भित्र यस गा.पा.क्षेत्रलाई पूर्ण सरसफाइ क्षेत्र क्षेत्र घोषणा गरिनेछ ।

२) यस गाउँक्षेत्रलाई प्लाष्टिक प्रयोगमा निरुत्साहित गर्न आवश्यक पहल गरिनेछ । फोहर व्यवस्थापन गर्नको लागि स्थायी ल्याण्डफिल्ड साइट व्यवस्थापन गर्न पहल गरिनेछ ।

३) गाउँ क्षेत्रभित्रका बहुला कुकुर तथा पशु चौपायलाई नियन्त्रणमा लिई व्यवस्थापन गर्ने तथा बेवारिसे लास र मरेका पशुपंक्षीहरुलाई व्यवस्थापन गर्ने साथै *बाँदरले समुदायमा पारेको हानी नोक्सानी, असरलाई नियन्त्रण गर्न आवश्यक नीति लिईनेछ ।*

४) *एक महिना एक दिन सबैको सहभागितामा सरसफाई अभियान एवं सरसफाई अनुगमन सञ्चालन गरिनेछ । शिवपुरी गाउँपालिकाको लिखु खोला, स्याल्पिङ खोल र अन्य सहायक खोला सरसफाईको लागि जनचेतना अभिबृद्धिमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।*

५. शिवपुरी गाउँपालिकामा सुरक्षा ब्यवस्था चुस्त बनाउन एवं गाउँपालिकाको न्यायिक सम्पादनमा प्रवाभाकारीता एवं विश्वसनियता बृद्धि गर्न स्थानीय न्यायिक समितिलाई सक्षम सवल बनाईनेछ ।

६) *स्वास्थ्य संस्थाहरुको सेवा नियमित, पारदर्शी एवं ब्यवस्थित बनाई हरेक नागरिकमा सेवाको पहुँच कायम गरिनेछ । गाउँपालिकामा गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहका लागि उच्च सुविधा सेवा प्रदान गर्ने अस्पताल यसै वर्ष देखी निर्माण गर्न आवश्यक जग्गा पहिचान गरी निर्माण कार्य शुरुवात गरिनेछ । गाउँपालिका भित्र एम्बुलेन्स सेवा सञ्चालन गर्ने क्लव, समुदाय, संस्थालाई आवश्यक प्रोत्साहन गरिनेछ ।*

७. गाउँपालिकालाई सन् २०१८ भित्र पूर्ण खोप युक्त बनाउन आवश्यक ब्यवस्था मिलाईनेछ ।

८) *बेरोजगार युवाहरुलाई लक्षित गरी उमेर समुहमा आधारित प्रशिक्षण, सिपमूलक तालिम ब्यवसायिकतामा जोड दिने नीति लिईनेछ ।*

९) गाउँपालिका भित्र नवनिर्मित भवन पूर्वाधार निर्माणलाई भुकम्प प्रतिरोधी बनाउन आवश्यक पहल गरिनेछ ।

१०) *विपद्ध ब्यवस्थापनलाई सहज बनाउन गाउँपालिकामा विपद्ध ब्यवस्थापन कोष स्थापना गरिने, विपदको आवश्यक पूर्व तयारी तथा विपद्ध पश्चात ब्यवस्थापनको प्रभावकारी नीति लागू गरिनेछ ।*

११) *सवै सरकारी, गै.स.स. संस्थाहरुको आवश्यक समन्वय र सहकार्यमा विकास निर्माण कार्यलाई एक छाता नीति मार्फत अगाडी बढाईने छ ।*

**ख) समुदाय विकास तथा समावेशी विकास नीति :**

१) गाउँपालिकाद्वारा सञ्चालन गरिने सीप तथा स्वरोजगारमूलक, क्षमता अभिवृद्धि कार्यक्रमहरु लागत सहभागिताको आधारमा सम्बन्धित सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको सहकार्यमा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

२) ग्रामीण गरिवी न्यूनिकरण कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।

३) गाउँपालिका क्षेत्रभित्र विभिन्न संघस ंस्थाहरुद्वारा संचालित कार्यक्रमहरुलाई गाउँपालिकाको दायराभित्र ल्याईनेछ ।

४) महिला, एकल महिला, वालवालिका, दलित, जनजाति, अपाङ्ग, असहायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशिल संघसंस्थामार्फत ती वर्गको सशक्तिकरणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । जेष्ठ नागरिक एवं *अपाङ्गताको परिचय पत्र घरघरमा पुर्‍याईने कार्यलाई निरन्तरता दिईनेछ ।*

५) विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवं सन्तुलित विकासका लागि ती क्षेत्रका समुदायले जुटाउनुपर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक बिभेदको नीतिलाई अगाडि बढाईनेछ । वेरोजगार युवाहरुलाई कृषिमा आधारित ब्यवसायिक विकासको लागि विशेष अनुदानको नीति लिईनेछ ।

६) गाउँ क्षेत्रभित्र अनाथ वालबालिका, अपाङ्ग, सुस्त मनस्थिति, मानसिक सन्तुलन गुमाएका तथा बुद्धबृद्धाको उचित *व्यवस्थापन तथा स्याहारका लागि आवश्यक सेवा केन्द्र सञ्चालन गर्ने संघसस्थालाई सहयोग गर्ने नीतिलाई* अवलम्बन गरिनेछ ।

**ग) शिक्षा, कृषि, बन, व्यापार, खेलकुद, साहित्य, सञ्चार, कला र संस्कृति, सुरक्षा नीति :**

१) *शिक्षा क्षेत्रमा गुणस्तरीय सुधारका लागि गाउपालिका भित्रका सवै सामुदायिक विद्यालयहरुमा कक्षा २ सम्म अनिवार्य अंग्रेजी भाषामा पठन पाठनको ब्यवस्था मिलाईनेछ, क्रमिक रुपमा माथिल्लो तहको कक्षामा पनि अंग्रेजी भाषामा पठन पाठनको ब्यवस्था मिलाउदै लगिनेछ । सोको लागि पूर्वाधार निर्माण एवं जनशक्ति ब्यवस्थापनमा जोड दिईनेछ । विषयगत शिक्षकहरुलाई विषयगत ज्ञान सिप, क्षमता बृद्धि हुनेगरी आवश्यक प्रशिक्षण तालिमको ब्यवस्था मिलाईनेछ । विद्यालयहरुको विद्याथी संख्या अनुसार दरवन्दी मिलाउने तथा गाउँपालिकामा उच्च शिक्षा कलेज स्थापना गर्ने तथा* गाउँपालिकामा रहेका पुस्तकालयहरुको प्रभावकारी सञ्चालन गर्न सहयोग गर्ने नीति लिईनेछ ।

२) *कृषिमा* आधुनिकीकरण गर्दै *रोजगार प्रवर्द्धन र ब्यवसायीकरका लागि विशेषज्ञबाट माटोको परिक्षण गराई अधिकतम लाभ प्राप्त हुने कृषि उपज उत्पादन र ब्यवसायमा जोड दिईनेछ । तरकारी जोनको विकास, खेति योग्य जग्गा जमिन बाझो राख्न नपाईने, बाँझो जग्गाको उपयुक्त ब्यवस्थापनका लागि आवश्यक नीति लिइनेछ । शिवपुरी ब्राण्डको विउविजन उत्पादन आत्मनिर्भर र निकासीमा प्रोत्साहन गर्ने नीति लिईनेछ । गाउँपालिका भित्र खेतियोग्य जमिनमा*

*सिंचाई सुविधा पुऱ्याईनेछ । समूह खेती, कृषि सहकारीलाई प्राथमिकता दिईनेछ । साथै कृषि कलेज स्थापना गर्न आवश्यक सहयोग गर्ने नीति लिईनेछ ।*

३. शिवपुरी गाउँपालिकामा उन्नत घाँस, पशु आहार उत्पाद, कफि, चिया, ट्राउट, अलैंची खेती ब्यवसायीलाई आवश्यक सुविधा, सहजीकरण एवं प्रविधि प्रयोगमा सहयोग गरिनेछ । गाउपालिका क्षेत्रलाई विषादीरहित अर्गानिक तरकारी, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइनेछ । ब्यवसायिक रुपमा भैसीं, गाई, बाख्रा, लोकल कुखुरा, बंगुर, माछा पाल्ने ब्ययसायीलाई अधिकतम उत्पादनको आधारमा अनुदान दिने नीति तय गरिनेछ ।

*४. दुध, फलफुल, तरकारी संकलन तथा बजार ब्यवस्थापनका लागि संकलन केन्द्र तथा हाट बजार एवं कृषि उपज केन्द्र संचालनमा ल्याईनेछ । गाउँपालिकाका विभिन्न उपयुक्त स्थान पहिचान गरि वार्षिक कृषि तथा पशुमेला संचालन गरिनेछ ।*

५. *हरियो बनको संरक्षण सम्बर्द्धनमा जोड दिईनेछ । सरोकारवालाको साझेदारीमा भूसंरक्षको लागि आवश्यक नीति लिईनेछ । राष्ट्रिय निकुन्ज संग समन्वय गरी गाउँपालिकाको विकास र अधिकतम लाभ लिन उपयुक्त नीति लिईनेछ ।* गाउँपालिका भित्रको कुनै क्षेत्रलाई जडिबुटी जोनको रुपमा विस्तार गरिनेछ ।

६. *गाउँ क्षेत्रको खेलकुद विकासका लागि आवश्यक पूर्वाधार विकास* एवं सुधारका लागि सम्बन्धित निकायसँगको सहकार्यलाई प्रभावकारी ढंगले अगाडि बढाईने छ ।

*७. शिवपुरी गाउँपालिकामा विर्ताको चौर सुनखानीमा निर्माणधिन रङ्गशाला लाई क्षेत्रिय स्तरको रंगशालाको रुपमा निर्माण कार्य अगाडी बढाउन जोड दिईनेछ । गाउँपालिका भित्र अन्य स्थानमा पनि रंगशाला, कभर्ड हल निर्माण गर्न सकिने संभावित स्थानको पहिचान एवं विकास गरिनेछ ।*

८. साहित्य, कला र संस्कृतिको संरक्षण, प्रबर्द्धन तथा विकासका लागि सम्बन्धित सरोकारवाला पक्षहरुसँगको सहकार्यलाई निरन्तरता दिईनेछ ।

*९. सवै वर्ग र समुदायका परम्परागत रीतिरिवाज, धर्म, संस्कृति, उत्सव, जात्राको संरक्षण सम्मान गर्ने नीति लिईनेछ । सवै जातजातिको धार्मिक कार्यलाई मर्यादित र ब्यवस्थित गराउन संस्कृति जगेर्ना सूधार कार्यक्रम सञ्चालन गरिनेछ । दाहसंस्कार, मरनपाटी स्थल सुधार गरिने नीति लिईनेछ ।*

१०. राज्यको चौथो अंगको रुपमा रहेको सञ्चार जगतलाई सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

११. गाउँ क्षेत्रमा शैक्षिक गुणस्तरका लागि भौतिक पूर्वाधार लगायतका पक्षमा सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

१२. उद्योग वाणिज्य संघ लगायत सरोकारवाला संघसंस्थाको सहकार्यमा व्यापार प्रवर्द्धनमा जोड दिइने, शिवपुरी ब्यापार महोत्सव आयोजना गरिनेछ ।

१३. व्यवसाय कर, विज्ञापन कर लगायतका संभावित कर संकलनका लागि उद्योग वाणिज्य संघ लगायतका सरोकारवाला संघ, संस्थासँग सहकार्य तथा साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।

१४. गाउँपालिका भित्रको सुरक्षा ब्यवस्थालाई चुस्त, दुरुस्त बनाउन सुरक्षा निकायको समन्वयमा आवश्यक नीति अवलम्बन गरिनेछ ।

## घ) पर्यटन विकास नीति :

१. गाउँको पर्यटन बिकास र *प्रवर्द्धनका* लागि क्यानोनिङ, पर्यटकीय क्षेत्र विकास, एग्रो टुरिज्म क्षेत्र र मार्गहरुको अध्ययन गरिने छ । पर्यटकीय *स्थल पहिचान, पर्यटकीय मार्ग निर्माण, एवं एग्रो टुरिज्मलाई विकास गरिनेछ । ककनी, सुईरेचौर, अल्छे, चिसापानी, टोड्के भन्ज्याङ, माने भन्ज्याङ हुँदै घले भन्ज्याङ सम्म ट्रेकिङ रुटको विकासमा जोड दिईनेछ । बुढानिलकण्ठ अल्छे शिवपुरी गाउपालिका हुँदै गोसाईकुन्ड सम्मको पर्यटकिय मार्ग विस्तारमा समेत जोड दिईनेछ ।*

२. सरोकारवाला निकायसँग समन्वय र आवश्यक पहल गरी शिवपुरी गाउँपालिकाको पर्यटन गुरु योजना तयार गरिनेछ ।

*३.. शिवपुरी गाउँपालिकाको ऐतिहाँसिक, धार्मिक महत्व र परिचय झल्काउने गरी शिवपुरी स्मारक पार्क निर्माण गरिनेछ । सोको लागि रु आवश्यक बजेट विनियोजनको ब्यवस्था मिलाइने छ ।*

## ङ) सार्वजनिक सेवा, सुशासन प्रबर्द्धन एवं संगठन विकास, विधान अध्ययन, अनुसन्धान निर्माण नीति :

१) गाउँपालिकाबाट सम्पादन हुने कामहरुलाई प्रभावकारी बनाउन, संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित कानून बमोजिम आवश्यक विषयगत र क्षेत्रगत निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

२) गाउँपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, बृद्ध-बृद्धा एवं दृष्टिबिहिनहरुको लागि प्राथमिकताका साथ उपलब्ध गराइनेछ ।

३) कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्दतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवं जवाफदेही बनाईनेछ ।

४) पारदर्शिता एवं सुशासनका लागि गाउँपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ । प्रत्येक वडा कार्यालयमा विद्युतिय माध्यमबाट सेवा प्रवाह संचालनमा जोड दिईनेछ ।

५) गाउँपालिकाको संगठनात्मक संरचना तथा आवश्यक कर्मचारी दरबन्दी स्वीकृत गरी गाउँपालिकालाई चुस्त र छरितो संगठनको रुपमा विकास गरिनेछ : साथै पदपूर्तिको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६) अस्थायी प्रकृतिका सेवाहरु जस्तै फोहोमैला व्यवस्थापन, विद्युत, खानेपानी आपूर्ती, सुरक्षा, सूचना प्रविधि सेवा ब्यवस्थापन, सरसफाई, बगैचा हेरचाह, सवारी चालक, भान्छे, फोटोकपी जस्ता सेवाहरु संस्थागत करारमा लिइनेछ ।

७) पारदर्शीता एवं सुशासनका लागि *गाउँपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ । नागरिक बडापत्र लागू एवं भ्रष्टचार शुन्य कायम गर्न प्रयत्न गरिनेछ ।* साथै विकास निर्माण कार्यमा पारदर्शीता कायम गर्न योजना स्थलमा नै सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । *सेवा प्रवाहलाई सूचना प्रविधी मैत्री बनाईने छ ।*

८) यस गाउँपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन गाउँपालिकामा कार्यरत निर्वाचित पदाधिकारी, कर्मचारीहरुलाई उत्प्रेरित गरी मनोबल उच्च राख्न अतिरिक्त समय कामकाज गरेबापत भत्ता, खाजा खर्च स्वरुप मासिक रुपमा कार्यविधी बनाई निश्चित सूविधा उपलब्ध गराइनेछ ।

९) यस गाउँको वार्षिक बजेट, नीति तथा कार्यक्रममा नसमेटिएका तर सम्बन्धित निकायबाट आकस्मिक रुपमा प्राप्त हुने बजेट तथा कार्यक्रम र गा.पा.भित्र गर्नुपर्ने आकस्मिक तथा अत्यावश्यक कार्यहरु गाउँपालिका बोर्ड बैठकबाट निर्णय गरी कार्यान्वयन गर्ने र आगामी गाउँ सभाबाट अनुमोदन गरिनेछ ।

१०) गाउँपालिकाको विभिन्न सेवा सञ्चालन, व्यवस्थापन, प्रवर्द्धनका लागि आवश्यक कानूनको अध्ययन, अनुसन्धान, निर्माण गरिनेछ ।

**रणनीति :**

आर्थिक वर्ष २०७५/०७६ को बार्षिक नीति, कार्यक्रम तथा बजेटले परिलक्षित गरेको उद्देश्य प्राप्तिको लागि आवश्यक रणनीतिलाई थप प्रभावकारीता सहित निरन्तरता दिईनेछ ।

१) आधारभूत सेवा तथा पूर्वाधार विकासमा समन्वय, सहकार्य, सहभागिता र साझेदारीको अवधारणलाई थप प्रभावकारी बनाउने ।

२) राजश्वका क्षेत्रहरुको पहिचान र अधिकतम परिचालन र उक्त कार्यका लागि सरोकारवालाहरुको सहकार्यमा जोड दिने ।

३) ठूला योजनाहरुको सम्भाब्यता अध्ययन एवं डिजाइनका लागि विज्ञ परामर्श दातृ संस्थाहरुको सेवा लिने ।

४) समावेशी तथा सन्तुलित विकासका लागि सामाजिक परिचालनमा जोड दिने ।

५) लक्षित तथा बिशेष लक्षित क्षेत्रमा क्रियाशिल संघसस्थाहरुलाई गाउँपालिकाको एउटै छाताभित्र समन्वय तथा साझेदारी मार्फत लक्षित उपलब्धी हासिल गर्नमा जोड दिने ।

६) सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा जोड दिने ।

*शिवपुरी गाउँपालिकाको सबै वडा समेट्ने गरी शिवपुरी कृषि रिङ्गरोड एवं प्रत्येक वडामा एक वडा गौरवको योजना निर्माण, वडा केन्द्र देखी गाउँपालिका शदरमुकाम सम्मको सडक निर्माण गाउँपालिका र वडा कार्यालयको भवन निर्माण, विद्यालय पूर्वाधार तथा खानेपानी ब्यवस्थान, शिवपुरी रंगशाला निर्माण, उज्यालो शहरका लागि सडक बत्ती, सोलार बत्ती ब्यवस्थापन, एकीकृत जग्गा विकास ब्यवस्थापन, मठ मन्दिर लगायत पुरातात्विक सम्पदा संरक्षण एवं पर्यटन विकास का लागि आवश्यक रकम विनियोजन गरिनेछ ।*

**सडक मापदण्ड एवं घर निर्माण मापदण्ड :**

यस गाउँपालिकाक्षेत्र भित्रका विभिन्न स्तरका सडकहरुको मापदण्ड निर्धारण भएबमोजिम लागु गरिनेछ । गाउँ यातायात गुरुयोजना बनाई लागु गरिनेछ । **नयाँ**

**घर बनाउँदा घर नक्सा पास र सो को मापदण्ड** निर्धारण भएबमोजिम **अनिवार्य रुपमा** लागु गरिनेछ ।

**संगठनात्मक संरचना तथा कर्मचारी दरबन्दी :**

यस शिवपुरी गाउँपालिकाको कार्यक्षेत्रको दायरा बमोजिम सम्पादन गर्न आवश्यक जनशक्तिको आधारमा कर्मचारी दरबन्दी विवरण स्वीकृत गरी संगठनको आवश्यकता तथा आर्थिक क्षमताको आधारमा आवश्यक पदहरुमा प्रदेश लोकसेवा आयोगको समन्वयमा पदपुर्ति प्रक्रिया अगाडी बढाईने नीति लिईनेछ ।

**करका दरहरु:**

अब म आगामी आ.ब.२०७५/७६ को लागि आर्थिक ऐन अन्तर्गत निर्धारण भएबमोजिम करका दरहरु आगामी आ.व. मा कार्यान्वयन गरिनेछ ।

**यस सभाका सदस्यज्यूहरु,**

**कार्यसञ्चालन एवं ब्यवस्थापनलाई सहज बनाउन अन्य आवश्यक प्रस्तावित निर्णयहरु :**

१. यस शिवपुरी गाउँपालिकामा आकस्मिक रुपमा गर्नुपर्ने मर्मत सम्भार, विपद ब्यवस्थापन लगायत कार्य सञ्चालन तथा निर्णयका लागि गाउँ कार्यपालिका एवं अध्यक्षलाई अख्तियारी प्रदान गर्ने,

२. यस शिवपुरी गाउँपालिकाको आ.व. २०७५/७६ मा गाउँपालिका एवं अन्तर्गत वडास्तरबाट अनुगमन एवं जाँचपास तथा फरफारक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने ।

३. यस गाउँपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन गाउँपालिकामा कार्यरत निर्वाचित पदाधिकारी, कर्मचारीहरुलाई उत्प्रेरित गरी मनोबल उच्च राख्न अतिरिक्त समय कामकाज गरेबापत भत्ता, खाजा खर्च स्वरुप मासिक रुपमा कार्यविधी निर्माण गरी लागू गरिनेछ ।

   कार्यविधि निर्माण गरी लागू नहुँदा सम्म गाउँपालिका भित्र आयोजना अनुगमन, निरिक्षणमा खटिएको अवधिमा प्रतिवेदन पेश गराई प्रतिदिन खाना, खाजा तथा यातायात खर्च रु ७००।- का दरले उपलब्ध गराईनेछ ।

   विभिन्न समिति, सभाको बैठकमा सहभागी सदस्यहरुलाई बैठक भत्ता *प्रति बैठक रु १५००।-* उपलब्ध गराईनेछ ।

४. नेपालको संविधान २०७२, संघ, प्रदेशको प्रद्धत्त ऐन, कानून बमोजिम गाउँपालिकाको लागि आवश्यक नियम, कार्यविधी, विनियम, निर्देशिका बनाउन कार्यपालिकालाई अख्तियारी दिने ।

५. गाउँपालिकाको संचालन, व्यवस्थापनका लागि तत्काल केही गर्न आवश्यक भई कुनै विषय संग सम्बन्धित विधेयक आवश्यक भएमा कार्यपालिकालाई अख्तियारी दिने । उक्त विधेयक ६ महिना भित्र गाउँसभाबाट अनुमोदन गर्नु पर्नेछ । अन्यथा निश्क्रिय रहेको मानिनेछ ।

७. साविक देखिनै गाउपालिकामा कार्यरत कर्मचारीहरु आवश्यक योग्यता र क्षमताको आधारमा उपयुक्त पदमा सेवा करार, करार सेवामा निरन्तरता दिई काममा लगाउने । बाँकी पदमा पदपुर्ति व्यवस्थाको लागि संघको निर्देशन, संविधान, संघ प्रदेशको कानून बमोजिम कार्यविधी बनाई कार्यान्वयन गर्ने ।

अन्तमा, शिवपुरी गाउँपालिकाको तेश्रो सम्मानित गाउँसभाबाट आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाएकोमा सभाका सदस्यज्यूहरु सम्पूर्ण महानुभावहरु, गाउँबासी महानुभावहरु प्रति कृतज्ञता सहित आभार व्यक्त गर्न चाहन्छु ।
धन्यावाद ।

रामकृष्ण थापा
अध्यक्ष
मिति : २०७५/०३/१०